नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्डः ४ संख्याः ४ दल्ली जाजरकोट मितिः २०७७/०३/३०

## भाग-१

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिका निर्माण व्यवसाय ऐन, २०७७

सम्वत् २०७७ सालको ऐन नं. ४

**प्रस्तावनाः** सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न, निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नलगाड नगरपालिका निर्माण व्यवसाय ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन नलगाड राजपत्रमा प्रकाशन भएको मिति देखि नलगाड नगरक्षेत्र भित्र लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नलगाड नगरपालिका वा नगरपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनुपर्छ र सो शब्दले पुनःनिर्माण तथा मर्मत सम्भारका कार्य समेतलाई जनाउछ ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उदेश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनुपर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नका लागि दफा ४ बमोजिम दिईने घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्झनुपर्छ ।

(घ) "संगठित संस्था" भन्नाले नलगाड नगरपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनुपर्छ ।

(ङ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नलगाड नगरपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(च) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृति कर्ताको बीच भएको सम्झौता पत्र वा त्यस्ता सम्झौता पत्रका अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनुपर्छ ।

(छ) "नगरपालिका" भन्नाले नलगाड नगरपालिका सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाले नलगाड नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(झ) "प्रमुख" भन्नाले नलगाड नगरपलिकाको प्रमुख सम्झनुपर्छ ।

(ञ) "उपप्रमुख" भन्नाले नलगाड नगरपलिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नलगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ठ) "परिषद" भन्नाले दफा ९ बमोजिम गठित निर्माण व्यवसाय विकास परिषद सम्झनुपर्छ ।

(ड) "प्राविधिक समिति" भन्नाले दफा ११ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(ढ) "तोकिएका" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेका नियम तथा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने**: (१) यस ऐन बमोजिम वा अन्य स्थानीय तह वा संघीय सरकारबाट इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन ।

तर प्रचलित कानून बमोजिम उपभोक्ता समिति वा जनसहभागिताबाट सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

**४. इजाजतपत्र**: (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमका ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्ने घ वर्गको इजाजतपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा समितिले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी "घ" वर्गको इजाजतपत्र दिन नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भई आएको दरखास्तवालालाई नगर कार्यपालिकाको कार्यालयले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरण**: (१) दफा (४) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा (६) बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा नवीकरण वा प्रदान गरेको भएतापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिएको अधिकारीबाट तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमका म्याद नाघेको छ महिना भित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमका थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

**६. इजाजतपत्रको खारेजी**: (१) देहायको अवस्थामा दफा (११) बमोजिमको समितिको सिफारिसमा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उदेश्यले नगरपालिका तथा संगठित संस्थामा झुट्टा विवरण तथा तत् सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तर युक्त कार्य नगरको ठहरेमा,

(घ) तोकिएको समयमा काम सम्पन्न नगरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) यस ऐनको दफा ५ को उपदफा (३) बमोजिमको म्याद भित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) यस ऐनको दफा ६ उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनिलाई दिनु पर्नेछ ।

## परिच्छेद-३

## निर्माण व्यवसायीको दायित्व

**७. निर्माण व्यवसायीको दायित्वः** (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरको प्रत्येक सार्वजनिक निर्माण कार्यको तोकिए बमोजिमको विवरण दफा ११ बमोजिमको समिति समक्ष पेश गर्नु पर्नेछ ।

**८. निर्माण व्यवसायीहरुबाट गराउन सकिने सार्वजनिक निर्माण कार्यः** सार्वजनिक निर्माण कार्य गराउदा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गराउनु पर्नेछ ।

## परिच्छेद-४

## निर्माण व्यवसाय विकास परिषद र प्राविधिक समिति

**९. निर्माण व्यवसाय विकास परिषदः** (१) निर्माण व्यवसायलाई सुदृढ र सुव्यवस्थित रुपमा सचालन गर्न आवश्यक नीति तयार गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिन देहाय बमोजिमको निर्माण व्यवसाय विकास परिषद गठन हुनेछ :-

(क) प्रमुख - अध्यक्ष

(ख) उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) निर्माण व्यवसायी संघको प्रतिनिधि - सदस्य

(ङ) सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको संयोजक - सदस्य

(ङ) इन्जिनियर एशोसिएसनका प्रतिनिधि - सदस्य

(च) पूर्वाधार बिकास शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. परिषदको काम, कर्तव्य र अधिकारः** (१) निर्माण व्यवसाय विकास परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नर्म्स तयार गर्ने,

(ख) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृति कर्ताबीच हुने सम्झौतापत्र, करारका शर्तहरु तथा स्पेसिफिकेशन सम्बन्धी नमूना मस्यौदाको निर्माण तथा विकास गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यसंग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण तथा विकास गर्ने,

(घ) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनका लागि प्रशिक्षण तथा तालिम संचालन गर्ने,

(ङ) निर्माण व्यवसायसंग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने,

(च) यस ऐनको उदेश्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

**११. प्राविधिक समितिः** (१) निर्माण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा नगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउन देहाय बमोजिमको एक प्राविधिक समितिको गठन हुनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) निर्माण व्यवसायी संघका प्रतिनिधि -सदस्य

(ग) इन्जिनियर एशोसिएसनका प्रतिनिधि -सदस्य

(घ) कानून अधिकृत -सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(च) प्रशासन शाखा प्रमुख -सदस्य

(छ) पूर्वाधार बिकास शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः** (१) कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) निर्माण व्यवसायीलाई घ वर्गको इजाजतपत्र प्रदान गर्न नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्ने,

(ख) निर्माण व्यवसाय सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी नगरपालिका समक्ष पेश गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचवुझ गर्ने गराउने,

(घ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा त्यसबाट हुन गएको हानी नोक्सानी असूल उपर गर्न र त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानून बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) निर्माण व्यवसाय विकास परिषदलाई आवश्यक सहयोग गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## कोष तथा लेखापरीक्षण

**१३. निर्माण व्यवसाय बिकास कोषः** (१) सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण व्यवसायीहरुको कार्यक्षमतामा अभिबृद्धि गराउन निर्माण व्यवसायीहरुलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण व्यवसाय बिकास कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन :-

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) निर्माण व्यवसायीहरुबाट तोकिए बमोजिम प्राप्त दस्तुर,

(ग) सरकारी वा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(घ) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ङ) अन्य जुनसुकै निकायबाट प्राप्त हुने रकम

(३) कोषको खर्च निर्माण व्यवसाय विकास परिषदको निर्णय अनुसार हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको संचालन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

**१४. सहुलियतमा पैठारी गरिएका सामानहरुको विवरण खुलाउनु पर्नेः** द्विपक्षीय वा बहुपक्षिय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम प्राप्त सुविधा अर्न्तगत निर्माण व्यवसायीले नेपाल भित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरुको विवरण तोकिए बमोजिमका ढाँचामा प्राविधिक समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१५. विदेशी निर्माण व्यवसायीले सहुलियतमा पैठारी गरेका मेशिनरी औजार आदि अन्यत्र प्रयोग गर्न नहुनेः** दफा १४ बमोजिम विदेशी निर्माण व्यवसायीले आयात गरको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरु जुन कार्यको लागि आयात गरिएको छ सोही कार्यको लागि मात्र प्रयोग गर्नु पर्नेछ । नगरपालिकाको स्वीकृति नलिई त्यस्ता सवारी साधन, मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु अन्य कार्यका लागि प्रयोग गर्नु हुदैन ।

**१६. विदेशी सरकार वा संस्थासंग भएको सम्झौता बमोजिम हुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लखिएको भएतापनि नगरपालिका र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएका संस्था वा अन्तराष्ट्रिय संस्थाहरु बीच भएको अनुदान वा ऋण सहायता सम्बन्धी सम्झौता बमोजिम सार्वजनिक निर्माण कार्य गर्दा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

**१७. दण्ड सजायः** निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम प्राप्त सहुलियत तथा सुविधाहरुको दुरुपयोग गरेमा त्यस्तो निर्माण व्यवसायीलाई नगरपालिकाले त्यसरी दुरुपयोग भएको रकम असूली गरी सोही रकममा सत प्रतिशत सम्म जरिवाना गर्न सक्नेछ ।

**१८. उपसमिति गठन गर्नसक्नेः** (१) समितिले आफनो कार्य संचालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१९. इजाजतपत्रको प्रतिलिपि दिनेः** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिको सिफारिसमा नगरपालिकाले तोकिए बमोजिमको दस्तुर लिइ इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**२०. इजाजतपत्रको नामसारी दिनेः** कुनै निर्माण व्यवसायीले इजाजतपत्रको नामसारीको लागि निवेदन दिएमा समितिले तोकिए बमोजिमको दस्तुर लिइ इजाजतपत्रको नामसारी गरिदिनु पर्नेछ ।

२१. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको अधिकृतलाई तोकिएको अवधि सम्मको लागि अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **प्रचलित कानून बमोजिम हुनेः** संघीय तथा प्रदेश कानूनसंग यस ऐनको कुनै दफा वाझिन गएमा वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ । यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२३. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यबिधि तथा मापदण्ड बनाउन सक्नेछ ।

२४. **बचाउः** यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका निर्माण व्यवसाय तथा फर्महरुलाई दिइएको इजाजतपत्रहरु यसै ऐन बमोजिम दिइएको मानिनेछ ।

आज्ञाले

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत